आज मिति २०८१ पौष २८ गते विहान ११ बजे भेरीगंगा नगर कार्यपालिकाको ७३ औं बैठक भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकालज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितीमा बसि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

<u>तपसिल :</u>

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उप-प्रमुख
श्री दिनेश पुलामी वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
~~श्री जीतबहादुर सुनार~~ श्याम ब. खड्का नि.वा., वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लाल सिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री धन बहादुर कामी, का.वा.वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसि परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

<u>सहयोगी कर्मचारीहरु :</u>

श्री मान बहादुर ठाडा, लेखाअधिकृत
श्री कृष्ण प्रसाद शर्मा, अधिकृत छैटौं
श्री कुल बहादुर खड्का
श्री चित्र बहादुर केसी, खापासटे
श्री रेविका परियार, सहयोगी
पुष्पक आचार्य

निर्णय प्रमाणित

| क.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १ | कर्मचारी पदस्थापनाका लागि सिफारिस सम्बन्धमा । |
| २ | पशु चिकित्सकको नियुक्ती तथा पदस्थापना सम्बन्धमा । |
| ४ | संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा । |
| ५ | विविध सम्बन्धमा । |

मिति २०८१।०९।२८ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :

**प्रस्ताव नं. १** : कर्मचारी पदस्थापनाका लागि सिफारिस सम्बन्धमा ।

**निर्णय नं १.** कर्णाली प्रदेश सरकारद्वारा मिति २०८१।०६।२९ गते राजपत्रमा प्रकाशन भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १३६ मा भएको पदस्थापना सम्वन्धी बिशेष व्यवस्था कार्यान्वयन गर्न कर्णाली प्रदेश भित्रका अन्य स्थानीय तहवाट र अन्य प्रदेशका स्थानीय तहवाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमांडौवाट खटिई एक बर्षभन्दा बढि समयदेखि यस नगरपालिकामा कामकाजमा रहेका तपिशल बमोजिमका विभिन्न सेवा समुहका स्थायी कर्मचारीहरुलाई यस नगरपालिकामा पदस्थापना गर्न तथा यस नगरपालिकावाट अन्य स्थानीय तहमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमांडौवाट खटिई गएका कर्मचारीहरुलाई हाल कार्यरत स्थानीय तहमा पदस्थापनाका लागि सहमति दिने निर्णय सर्वसम्मतिले पारित गरियो । साथै मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेतवाट यस नगरपालिकामा काज सरुवा भई आउनुभएको ईन्जिनियर श्री सुमित भट्टको पदस्थापनाको लागि आगामि कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशिल

१. यस नगरपालिकावाट अन्य स्थानीय तहमा खटिई गएका कर्मचारिहरु:

| क.स. | कर्मचारिको नाम थर | खटिई गएको स्थानीय तह | संकेत नं. | पद | तह | सेवा | समुह |
|---|---|---|---|---|---|---|---|
| १ | ईन्द्र बहादुर के.सि. | नौमुले गाउँपालिका दैलेख | २३७०४६ | प्रशासन सहायक | पाँचौ | नेपाल प्रशासन | सामान्य प्रशासन |
| २ | राज बहादुर रोकाया | ताजाकोट गाउँपालिका हुम्ला | २३७२४२ | प्रशासन सहायक | पाँचौ | नेपाल प्रशासन | सामान्य प्रशासन |

निर्णय प्रमाणित

२. अन्य स्थानीय तहवाट यस नगरपालिकामा कामकाजमा खटिई आएका कर्मचारिहरु

| क्र.स. | कर्मचारिको नाम थर | खटिई आएको स्थानीय तह | संकेत नं. | पद | तह | सेवा | समुह |
|---|---|---|---|---|---|---|---|
| १ | कृष्ण प्रसाद शर्मा | बराहताल गाँपालिका सुर्खेत | २३५००३ | अधिकृत | छैटौं | नेपाल प्रशासन | सामान्य प्रशासन |
| २ | सन्तोष आचार्य | भेरी नगरपालिका जाजरकोट | २३८८३३ | प्रशासन सहायक | पाँचौ | नेपाल प्रशासन | सामान्य प्रशासन |
| ३ | भगवति कुमारी खड्का | चिङ्गाड गाँउपालिका सुर्खेत | २३७२२८ | प्रशासन सहायक | पाँचौ | नेपाल प्रशासन | सामान्य प्रशासन |
| ४ | भाष्कर रावत् | जगदुल्ला गाउँपालिका, डोल्पा | २३८२३४ | प्रशासन सहायक | चौथो | नेपाल प्रशासन | सामान्य प्रशासन |
| ५ | केशव राज हमाल | शुभ.कालिका गाउँपालिका कालिकोट | २३९०५९ | प्रशासन सहायक | चौथो | नेपाल प्रशासन | सामान्य प्रशासन |
| ६ | गणेश कार्की | पञ्चपुरी नगरपालिका सुर्खेत | २४१३३४ | सब ईन्जिनियर | पाँचौ | ईन्जिनियरिङ् | सिभिल |
| ७ | विष्णुहरी भट्टराई | धर्मदिवि नगरपालिका | २४१४८५ | सब ईन्जिनियर | पाँचौ | ईन्जिनियरिङ् | सिभिल |
| ८ | ईन्द्र बहादुर रोका | बारेकोट गाउँपालिका जाजरकोट | २४०८७० | असिस्टेन्ट सब ईन्जिनियर | चौथो | ईन्जिनियरिङ् | सिभिल |
| ९ | पुष्कर रोका मगर | बारेकोट गाउँपालिका जाजरकोट | २४०७६१ | असिस्टेन्ट सब ईन्जिनियर | चौथो | ईन्जिनियरिङ् | सिभिल |
| १० | सजिना रेग्मी | नलगाड नगरपालिका जाजरकोट | २४३१४५ | असिस्टेन्ट सब ईन्जिनियर | चौथो | ईन्जिनियरिङ् | सिभिल |

प्रस्ताव नं. २ : पशु चिकित्सकको नियुक्ती तथा पदस्थापना सम्बन्धमा· ।

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाको, च. न. २३१, मिति २०७९।०४।१९ गतेको पत्रबाट यस पालिकामा रिक्त पशु चिकत्सक (आठौं तह) माग भई गएकोमा कर्णाली प्रदेश लोक सेवा आयोगको च.न ४०४ मिति २०८१।०९।२१ गतेको सिफारिस पत्र तथा आयोगद्धारा संचालित खुल्ला प्रतिष्पर्धामा पशु चिकित्सक (सातौं तह) सफल भई सिफारिस हुनुभएका लोकेन्द्र बहादुर खड्का, (भगवतीमाई ३ दैलेख) ले यस कार्यालयमा मिति २०८१।०९।२१ गतेका दिनमा स्थायी नियुक्ती पाउँ भन्ने बारेमा पेश गरेको पत्रको सम्बन्धमा कर्णाली प्रदेश सरकारद्धारा स्थानीय सेवाको गठन, सन्चालन र सेवाका शर्त सम्बन्धमा बनेको ऐन, २०८१ को दफा १५ बमोजिम निजलाइ मिति २०८१।०९।२८ गतेदेखि लागू हुने गरी स्थायी नियुक्ती तथा पशु चिकित्सक (सातौं) तहमा पदस्थापना गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

प्रस्ताव नं. ३ : संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।

निर्णय नं. ३ : यस भेरीगगा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण २०७८ को संशोधन प्रश्तावमा ब्यापक छलफल गरियो साथै उक्त प्रश्ताव आगामि कार्यपालिका बैठकबाट पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : विविध सम्बन्धमा ।**

**निर्णय नं. ३ (क) :** यस भेरीगंगा नगरपालिका भित्र रहेका तपसिल बमोजिमका व्यक्तिहरु दुर्घटनामा परी उपचाररत रहेको र घरको आर्थिक अवस्था नाजुक भएकोले उपचार वापत तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिमको रकम आर्थिक सहयोग शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नाम, ठेगाना | कारण | आर्थिक सहयोग |
|---|---|---|---|
| १ | मान कुमारी कामी, भेरीगंगा ११ | दुर्घटनामा परी मेरुदण्ड भाचिन गएकोले उपचार सहयोग | रु. १००००० एक लाख मात्र |
| २ | बालाराम शर्मा, भेरीगंगा १० | विद्युतको करेन्ट लागि पुरै शरीर जलेकोले उपचार सहयोग | रु. १००००० एक लाख मात्र |

**निर्णय नं. ३ (ख) :** यस भेरीगंगा नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन २०८१ प्रस्तुत गरियो र आगामी बैठकमा पारित गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**निर्णय नं. ३ (ग) :** यस भेरीगंगा नगरपालिकाको वडा नं. ८ अन्तर्गत निर्माणाधित डुमकोट दलित संग्रालय निर्माणको लागि समयसिमा सकिएकोले नेपाल मेगालामा प्रगती सुवास जे भि कम्पनीलाई उक्त संग्रालय निर्माणको मिति २०८२ असार मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।